रिब्दीकोट गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०७९।०८० को सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

मिति : २०८० जेठ २६ गते

सहजीकरण: कुटुम्ब मिडिया नेटवर्क प्रालि तानसेन, पाल्पा

कार्यक्रमको परिचय

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिन्छ । स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ । हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने हुन्छ ।

आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । रिब्दीकोट गाउँपालिकाको सभाहलमा २०८० जेठ २६ गते सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो ।

कार्यक्रमको उद्देश्य

१.रिब्दीकोट गाउँपालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।

२.सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।

३.सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।

४.स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेही बनाउने ।

५.सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

कार्यक्रमको संक्षिप्त जानकारी

सार्वजनिक सुनवाई संयोजन गर्ने ब्यक्तिको नाम : नारायण न्यौपाने, स्टेशन म्यानेजर, कुटुम्ब

सहयोगी सहजकर्ता : यज्ञमूर्ति तिमिल्सिना (पत्रकार)

ठेगाना : कैलाशनगर ५ तानेसन, पाल्पा

सार्वजनिक सुनुवाईको विषय : कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता

कार्यक्रम आयोजक : रिब्दीकोट गाउँपालिका, पाल्पा

सहजिकरण : कुटुम्ब मिडिया नेटवर्क प्रालि, कैलाशनगर तानसेन, पाल्पा

कार्यक्रम विवरण

कार्यक्रम सञ्चालित मिति : २०८० जेठ २६ गते रिब्दीकोट गाउँपालिकाको सभाहल

समय : दिनको १२:३० वजेदेखि ४:२५ बजेसम्म (४ घण्टा)

सहभागी :

जवाफदेही वक्ताहरु

१.रिब्दीकोट गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्की

२.गाउँपालिका उपाध्यक्ष श्री कान्ता अधिकारी

३. गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत श्री मदन अर्याल

४.शिक्षा शाखा प्रमुखः मणिप्रसाद खनाल

५.वडा अध्यक्षहरु

६.शाखा प्रमुखहरु

अतिथि तथा संचारकर्मीहरु

कार्यक्रममा पालिका स्तरीय बिभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, पत्रकारहरु लगायत अतिथिको रुपमा रहनुभएको थियो ।

संचालन प्रक्रिया

(क) जानकारी

गाउँपालिकाको सार्वजनिक सुनुवाई गर्ने निर्णय बमोजिम तेस्रो पक्षको तर्फबाट सहजकर्ता छनौट गरि जिम्मेवारी प्रदान गरिएको ।

(ख) सहजकर्ताको छनौट तथा समन्वय

तेस्रो पक्षको रुपमा कुटुम्ब मिडिया नेटवर्क प्रा.लि छनौट गरि जिम्मेवारी प्रदान गरिएको ।

(ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन

स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ?ती कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम

कुटुम्ब 97.8

तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलब्ध गराएका छन्न सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली,२०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन-२०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्धारा गरिएको थियो ।

(घ) बहिर्गमन अभिमत र नागरिक अभिमत संचालन

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन वडा वडा र टोल टोलमा पुगेर बहिर्गमन अभिमत वा नागरिक अभिमत लिइएको थियो । यसका लागि सबै वडाहरुमा पुगेर अभिमत संकलन गरि कार्यक्रममा त्यसको प्रतिवेदन समेत प्रस्तुत गरिएको थियो । उक्त प्रतिवेदन समेत यसै प्रतिवेदनसाथ संलग्न रहेको छ ।

(ङ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार

स्थानीय वडा कार्यालयहरु मार्फत वडाहरुमा सूचना टाँस गर्नुका साथै सामाजिक संजाल र पत्राचार गरि जानकारी गराइएको थियो ।

कार्यान्वयन चरण

सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगायत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगायत कार्यक्रममा उपस्थित सबैलाई आशन ग्रहण गराइएको थियो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत मदन अर्यालले गाउँपालिकाको चालु आर्थिक वर्षको समग्र प्रतिवेदन प्रस्तुत गर्नुभयो । त्यसपछि नागरिक र बर्हिगमन अभिमतको नजिता सार्वजनिक गरिएको थियो । त्यसपछि नागरिकहरुले जिज्ञासा तथा गुनासाहरु राखी प्रश्नोत्तर गराइएको थियो । नागरिकहरुलाई आफूले भोगेका, अनुभव गरेका तथा पालिकालाई अझै सक्षम र सम्वृद्ध बनाउनका लागि प्रश्न, जिज्ञासा तथा गुनासाहरु राख्न भनिएको थियो । आएका प्रश्नहरुको पालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत सहितका सेवाप्रदायकले जवाफ दिनुभयो ।

कुटुम्ब 97.8

सार्वजनिक सुनुवाई कार्यक्रममा उठान भएका प्रश्नहरु, प्रश्नकर्ता र सम्वन्धित सेवाप्रदायकको उत्तरहरु तपशील बमोजिम रहेको छ ।

क्र.सं.	प्रश्नकर्ता र प्रश्न	उत्तरदाता र उत्तर
१.	नवराज ज्ञवाली १)भैरवस्थान वडाहरुमा रहेका लिफ्ट खानेपानीको योजनाको अनुगमन र लेखारीक्षण हुनुपर्ने हो कि होइन ?	वडाध्यक्षः सोमकुमार कार्की १) योजनाहरुको अनुगमन त भइरहेको छ तर लिफ्ट योजनाहरुको वार्षिक लेखापरीक्षण गराउने र थप पारदर्शी बनाउनेमा अव वडाले ध्यान दिनेछ ।
२.	कृष्ण कुँवर १) पालिकामा कर्मचारीहरुको तथ्यांक कस्तो छ ? २) योजनाहरुको अनुगमनमा वडाअध्यक्षलाई राख्दा सेवा प्रवाह प्रभावित भयो, अन्य बिकल्प खोज्नुपर्छ । ३) रिब्दीकोटको शिक्षामा के कति प्रगति भएको छ ? ४) अनुगमन के कति पटक गर्ने हो ? उपभोक्ता समितिहरुलाई अनुगमन पछि सुझाव सल्लाह दिइन्छ कि दिइन्न ?	प्रमुख प्रशासकीय/उपाध्यक्ष/ शिक्षा शाखा प्रमुख १) प्रमुख प्रशासकीय अधिकृतले कर्मचारी बिबरणबारे जानकारी गराउनुभयो । २) आगामी वर्षदेखि अनुगमनमा वडाध्यक्षहरुको बिकल्प खोज्नेबारे सल्लाह गर्छौं । ३) शैक्षिक प्रगतिबारे शिक्षा शाखा प्रमुखले जानकारी गराउनुभयो । ४) समय समयमा अनुगमन हुने र उपभोक्ता समितिहरुलाई पनि सुझाव सल्लाह दिने गरिएको छ ।
३.	निर्मल प्रसाद खनाल १) उत्कृष्ट बिद्यालय छनौटको आधार के हो ? २) बिद्यालयको प्रोत्साहनमा न्यायोचित गरौं । -विद्यालयको प्रतिभा प्रस्फुटनका लागि पालिकाको प्रोत्साहन आवश्यक छ । शिक्षामा पालिकाको स्पष्ट दृष्टिकोण देखिएन ।	अध्यक्षः नारायण बहादुर कार्की/ शिक्षा शाखा प्रमुख -पालिका स्तरीय शिक्षा समितिको निर्णय बमोजिम नै उत्कृष्ट बिद्यालय छनौट गरिएको हो । सकेसम्म बिद्यालयहरुलाई प्रोत्साहन गरिहेका छौं । यसमा ठ्याक्कै यो आधार भन्ने छैन । तर अन्याय गरेका छैनौं । - अब मापदण्ड बनाउछौं । न्यायोचित गर्ने काम गर्दाछौं ।

कटुम्ब 97.8

४.	लक्ष्मण ठड्राई १) कार्यक्रममा स्थानीय उपस्थिति कम भयो । २) पालिकामा भएको बेरुजु बृद्धिमा पालिकाको ध्यान जाओस् । ३) कर्मचारीहरुमा बेथिति बढिरहेको छ यसको निगरानी हुनुपर्छ ।	प्रमुख प्रशासकीय अधिकृतः मदन अर्याल १) कार्यक्रमबारे सबैतिर जानकारी गराइएको । २) बेरुजु कम गर्ने प्रयास भइरहेको छ । ३) कर्मचारीहरुमा त्यस्तो कुनै बेथिती देखिएको छैन, त्यस्तो केही देख्नुभयो भने यहाँहरुले सधै सुझाव सल्लाह दिन सक्नुहुन्छ ।
५.	यादव सिं कुँवर १) शिक्षा क्षेत्रको विषयमा सुझाव दिनुभएको ।	सुझाव
६.	मदन नेपाल १) इसिडि कक्षालाई व्यवस्थित बनाउन प्रअ अवलोकन भ्रमणमा इसिडि शिक्षकलाई पनि सहभागी गराउदा राम्रो हुन्छ । २) एसइई र बार्षिक परीक्षाको मुखमा आएर राष्ट्रपछि रनिङ शिल्ड गर्दा विद्यार्थीको पढाइ प्रभावित भएको छ । ३) बिद्यार्थीको प्रतिभा पहिचान कार्यक्रमको पुरस्कार कम भयो । ४) प्रअको जुम बैठक राम्रो छ । सकेसम्म प्रअहरुलाई ल्यापटप उपलब्ध गराउन सके हुन्थ्यो ।	शिक्षा शाखा प्रमुख १) आगामी प्रअ भ्रमणमा इसिडिलाई पनि सहभागी गराउने गरि तयारी गर्नेछौं । २) राष्ट्रपति रनिङ शिल्ड जिल्लाबाट तोकिएको समयमा हुने भएकोले पालिकाको निर्णय नभएको । ३) आगामी वर्षको बजेटमा यसबारे सोंच बनाई र प्रअहरुको ल्यापटपको विषयको सुझाव पालिकाले मन गरेको छ ।
७.	पूर्ण बहादुर परियार १) शिक्षा क्षेत्र धेरै कमजोर भयो बालबालिका पढाउन बजार जानेहरुको दर बढेको छ यसको न्युनीकरण कसरी गर्न	शिक्षा शाखा प्रमुख १) शाखा मार्फत शिक्षा क्षेत्रको सुधारका लागि धेरै पहल भएका छन् । गाउँमा जनसंख्या घट्ने क्रम नै बढी छ ।

कुटुम्ब 97.8

	सकिन्छ? २) कृषि बजार संकलन केन्द्र संचालनको आवश्यकता छ ।	२) सुझाव
८	हुम बहादुर खड्का सुझाव: १) फेकबाट पालिका आउने जाने बाटोलाई अलि व्यवस्थित बनाउनेमा ध्यान कसले दिने हो ?	उत्तर: अध्यक्ष १) यो बाटोको स्तरोन्नतीका लागि पालिकाले काम गरिरहेको छ । आगामी दिनमा पनि गर्छ ।
९.	ध्रुव प्रसाद नेपाल १) बसाई सराई दर बढ्यो यसको न्युनीकरण कसरी गर्ने हो ?	अध्यक्ष: पालिकाले युवाहरुलाई गाउँमै स्वरोजगार बनाउने कार्यक्रमहरु ल्याएको छ ।यदी त्यो कार्यक्रम सफल भयो भने बसाइसराइको दर पनि कम हुन्छ भन्ने आशा गरिएको छ ।
१०.	सिता गौतम १) इसिडि शिक्षिकाको तलव कम भयो बढाउन पर्‍यो ।	अध्यक्ष: यसबारे पालिकाले आगामी दिनमा आवश्यकता अनुसार निर्णय गर्छ ।
११.	गेविन्द पोखरेल सभुाव: १) हिउँदे खेतीहरुलाई प्रोत्साहन आवश्यक छ । २) लप्सी, दाते ओखर, कफि र व्यवसायिक पुष्पखेती आवश्यक छ । अनि पशु बिमालाई पनि प्यापक बनाउँदै डालेघास रोपणलाई प्रोत्साहन गर्नुपर्छ । -प्रधानमन्त्री रोजगार कार्यक्रमका सहभागीहरुलाई किसानको आवश्यकता जस्तै बाँदर नियन्त्रण आदिमा प्रयोग गरौं ।	सुझाव प्रमुख प्रशासकीय अधिकृत: प्रधानमन्त्री रोजगार कार्यक्रमको निर्देशिका अनुसार र उनीहरुलाई परिचालन गर्नुपर्ने आवश्यकता छ ।
१२.	जीवन प्रसाद श्रेष्ठ	अध्यक्ष:

कुटुम्ब 97.8

	हार्थोकमा बिजुली र केवलका तारहरु लथालिङ्ग भएका छन् । त्यस्तै हार्थोकमा डम्पिङको पनि समस्या छ ।	यसबारे पालिकाले ध्यान दिएको छ । समस्या समाधानका लागि लागिपर्नेछौं ।
१३.	रामु पराजुली १) किसानको उत्पादन सिधै बेच्न सक्ने बनाउनु आवश्यक छ ।	अध्यक्षः यसबारे पालिकाले योजना बनाइरहेको छ ।
१४	भुवन रायमाझी १) हार्थोक छहरा बाटो मर्मतमा उचित ध्यान जानुपर्छ ।	अध्यक्षः आगामी वर्ष यो बाटोको उचित स्तरोन्नतीमा हामी लागिपर्नेछौं ।

निष्कर्ष

रिब्दीकोट गाउँपालिकाको काम कारबाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । पालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले कृषिको समस्या, सार्वजनिक जग्गा सुरक्षा, संरक्षण र विकास, न्यायिक सवाल, पशु विकास, र योजनाको सार्वजनिकरण लगायतका विषयमा सुझाव दिएका थिए ।

राजनैतिक दलका प्रतिनिधिहरु, संचारकर्मीहरु तथा जननिर्वाचित प्रतिनिधिहरुको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको सहभागीता रहेको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । प्रश्नकर्ता नागरिकहरुले राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समेत प्रभावकारी कार्यहरु गर्नुपर्ने बताएका थिए । कार्यविधिले व्यवस्था गरे अनरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ ।

कुटुम्ब 97.8

कटुम्ब 97.8

कुटुम्ब 97.8

सम्बन्धित तस्बिर तथा समाचारहरु:

कुटुम्ब 97.8

शीर्ष समाचार

रिब्दीकोट गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न

By palpasamachar

पाल्पा । रिब्दीकोट गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९,०८० को सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मदन अर्यालले गाउँपालिका मार्फत चालु आर्थिक वर्षमा गाउँपालिका मार्फत भएको सेवाप्रवाह र प्रभाव सहितको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

अर्यालले गाउँपालिकाको सेवाप्रवाह र सुशासन, आर्थिक प्रशासन तर्फ भएको प्रगतिको प्रतिवेदन प्रस्तुत गर्नुभयो । उहाँले कृषि शाखा, पशु सेवा शाखा, स्वास्थ्य शाखा, आयुर्वेद औषधालय, शिक्षा युवा तथा खेलकुद शाखा मार्फत भएका मुख्य मुख्य कार्यक्रम र ती कार्यक्रमहरुको प्रभाव समेटिएको प्रतिवेदन प्रस्तुत गर्नुभयो । त्यस्तै पूर्वाधार विकासको अवस्था,



पेश गर्ने

नारायण न्यौपाने

कुटुम्व मिडिया नेटवर्क प्रालि तानसेन पाल्पा

रिब्दिकोट गाउँपालिका ,पाल्पाको सार्वजनिक सुनुवाई,२०८०।०२।२६

सहजिकरण-कुटुम्ब मिडिया नेटवर्क प्रा.लि

नागरिक प्रतिवेदन

प्रश्नावली भाग – १

उत्तरदाताको जातजाति : मगर,ब्राह्मण, क्षेत्री, दलित

सहभागी लैंगिक सहभागिता (संख्या): कुल मध्य (३५) प्रतिशत महिला र (६५) प्रतिशत पुरुष

उमेर समुह : १८ वर्ष देखी ६० वर्ष सम्म

शिक्षाः साक्षर देखी स्नातकोत्तरसम्म

पेशाःबेरोजगार देखी अधिकृतस्तर

ठेगानाः.पालिकाभर

१. सेवाको सन्तुष्टि

१.१ तपाइँ पालिकाको सेवा प्रवाहबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट	ठीकै	असन्तुष्ट
४५	४०	१५

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट	ठीकै	असन्तुष्ट
४७	३९	१४

२. सेवाको नियमितता

२.१ नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट	ठीकै	असन्तुष्ट
५०	४०	१०

२.२ कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

ढुक्क	ठीकै	असन्तुष्ट
५५	४०	५

कुटुम्ब 97.8

२.३ तपाईले सेवा लिन जाँदा कर्मचारिलाई खुशि बनाउन अतिरिक्त रकम तिर्नु भयो ?

तिरैं	तिरिन	अन्य
०	९९	म केहि बोलिन

२.४ कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?

१ दिन	२ दिन	धेरैदिन । अलमल गर्ने
४३	२९	२८ अलमल

३. सेवाप्रतिको जनविश्वास

३.१ संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त	ठीकै	अविस्वस्त
९४	५	१

३.कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ?

धेरै	ठिकै	छैन
१५	२०	६५

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?

धेरै	ठिकै	छैन
६०	३०	१०

३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ	छैन	अलिअलि थाहा छ
६५	३०	५

४. सेवाको गुणस्तर

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट	ठीकै	असन्तुष्ट
५६	२३	२१

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

आफै	गाउँका ठुलावडा	मध्यस्थकर्ता
८०	११	९

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?

१ पटक	२ पटक	सो भन्दा माथी
४५	३५	२०

५. सेवा सम्बन्धी जानकारी

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो	ठीकै	नराम्रो
९५	५	०

५.२ कार्यालयमा भएको नागरिक वडापत्र बारे तपाईलाइ जानकारी छ ?

पुर्ण जानकारी	आंसिक	जानकारी छैन
२३	४७	३०

५.३ कार्यालय र सेवाग्रही बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो	ठीकै	राम्रो छैन
५०	४०	१०

५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?

२० प्रतिशत जती	५० प्रतिशत वढी	थाहा छैन
२७	२६	४७

६. नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन?

धेरै	कम	गरेको छैन
३५	२९	३६

कुटुम्ब 97.8

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?

अति राम्रो	ठीकै	अति कम
३५	३७	२८

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

धेरै भएको छ	ठीकै भएको	अति कम
	थाहाछैन	

प्रश्नावली भाग – २

नागरिक प्रतिवेदन पत्र

१. सिफारिस सम्बन्धी

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

पाएँ	ठीकै	स्पस्ट पाईन
८६	१२	२

१२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो?

दिए	थोरै दिए	मागिएन र दिएन
०	०	१००

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

आफै	मध्यस्थकर्ता	गाउँका ठुलावडा
९०	७	२

१ प्रतिशतले कर्मचारीले मध्यस्थता गरेको

२. पूर्वाधार तथा सरसफाई सम्बन्धी

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो	ठीकै	खराव
८१	१८	१

२.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

तुरुन्तै हुन्छ	पटक पटक भनेपछी हुन्छ	हुदैन
९५	५	०

कुटुम्ब 97.8

२.३ तपाईको विचारमा गाँ.पा.ले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?

अति राम्रो	ठीकै	राम्रो छैन
४	९४	२

२.४ तपाईको पालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

अति राम्रो	ठीकै	राम्रो छैन
५७	२६	१७

२.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन?

अति प्रभावकारी	ठीकै	प्रभावकारी छैन
६१	२८	११

२.६ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

सहज	ठीकै	अप्ठ्यारो
३५	३७	२८

२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

पर्दैन	मागेरै लिन्छन	अप्ठ्यारो पार्छन
९५	०	५ अलमल

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनुभयो ?

सजिलै पाईयो	कहिलेकाही पाईयो	मागगर्दा पनि पाईएन
४५	४३	१२

२.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनुहुन्छ ?

सजिलै पाईन्छ	सोधेपछी पाईन्छ	माग्दापनी पाईन्न
२४	७६	०

२.१० स्थानीयतहको आचारसंहिता पालना भएको छ ?

पुर्ण	ठीकै	छैन
०	०	

२.११ योजना सञ्चालन गर्दा गा.पा.वाट कत्तिको सहयोग पाउनु भएको छ ?

अति राम्रो	ठीकै	निरुत्साहित गरिन्छ
६४	३६	०

कुटुम्ब 97.8

३. कार्यालयको विविध पक्षहरुमा अनुभव कस्तो छ ?

३.१ आर्थिक श्रोत कस्तो छ ?

आवश्यक श्रोत उपलब्ध	कम उपलब्ध	अति कम उपलब्ध
५३	४४	३

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल	ठीकै	जटिल
३४	४६	२०

३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

सिप छ	आवश्यकताभन्दा कम छ	अति न्युन सिप छ
७५	२२	३

३.४ गा.पा. को आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?

देखेको छु	कहिलेकाही देखिन्छ	देखिन्न

अधिकांस सहभागिंहरु टाँस हुने नहुने विषयमा आफुले ख्याल नगर्ने र खोजि पनि नगर्ने गरेको ।

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

छ	ठीकै	छैन
२६	२१	५३

३.६ वर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट	ठीकै	जानकारी छैन
२४	७६	

कुटुम्ब 97.8

४. पारदर्शिता सम्वन्धी

४.१ अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?

यौटा	२ वटा	जानकारी छैन
		१००

४.२ यस पालिकामा अहिलेसम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?

सहभागिहरु सार्वजनिक परिक्षण वारे थाहा नपाएका । सहभागी हरुले आफुलाई सामाजिक परिक्षण भनेको के हो भन्ने नै जानकारी नभएको प्रतिक्रिया दिएका ।

४.३ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ?

सार्वजनिक सुनुवाई नभएका कारण यो प्रश्न गरिएन ।

यसपटक सार्वजनिक सुनुवाई नभएको ।

४.४ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?

छ	छैन	जानकारी छैन
०	०	१००

४.९ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

धेरै जानकारी	ठिकै जानकारी	अति कम जानकारी
१८	३८	४४

कुटुम्ब 97.8

अनुसूची–३

बहिर्गमन अभिमत संकलन

१) सेवाग्राहीको लैंगिक सहभागिता (संख्या) :-पुरुषः ७४ स्त्रिः २६ जम्माः १००

२) जातिय सहभागिता (संख्या) : मगर,ब्राह्मण, क्षेत्री, दलित

३) उमेर समुह : १६ वर्ष देखी ७० वर्ष सम्म

४) शिक्षा : साक्षर देखी स्नातक तह सम्म

५) कार्यालय सम्म आइपुग्दाको समय : १० मिनेट देखी ३ घण्टा सम्म

६) यस कार्यालयको काममा मात्र आउनु भएको हो वा अन्य कामको

लागि पनि ?

क) कार्यालयको कामले मात्र आउने : ६६ प्रतिशत

ख) अन्य कामले पनी आउने संख्याः ३४

७) कार्यालयमा आउनुको उदेश्यः -प्रतिशत)

क) सिफारिस लिन/पुऱ्याउन ८

ख) दर्ता/नवीकरण ७

ग) आर्थिक सहयोग लिन ४

घ) योजना माग गर्न १

ङ) योजनाको किस्ता लिन २०

च) योजनाको मूल्याङ्कनका लागि १५

छ) योजनाको अन्तिम भुक्तानी लिन १७

ज) स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न ०

झ) सूचनामूलक सामग्री प्राप्त गर्न १

ञ) विविध २७ प्रतिशत

८) सेवाप्रवाहको सवालमा प्राप्त मत

सेवाको नाम मुल्यांकन

१ सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा

तपाईलाई स्पष्ट जानकारी भयो?

अति स्पस्ट	ठिकै	अस्पस्ट
३८	४९	१३

२ सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?

अति धेरै	ठिकै	थोरै
४८	४६	६

३ तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?

मिलनसार	ठिकै	अभद्र
३९	६१	०

४ सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि गरेनन ?

अति स्पस्ट	ठिकै	अलमल हुनेगरी
५२	४४	४

५ तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?

सजिलै	ठिकै	भएन
४४	४८ जना	८

६ सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के– कस्तो लाग्यो ?

अति सजिलो	ठिकै	लामो झन्जटिलो
३५	५३	१२

कुटुम्ब 97.8

७.६० वर्ष पुगेका स्वयमसेविकालाई दिब्य जीवन सम्मान अन्तर्गत नगद २५००० दिने गरिएको ।

८. वडा न ३ मा जेष्ठ नागरिक,मुटु, क्यान्सर, दृघ रोगी र सुत्केरीलाई निशुल्क एम्बुलेन्स सृवा दिएको ।

९. केहि वडाहरुमा खानेपानी शुल्क छुट, तथा निशुल्क गरिएको ।

१०. खर्च कटौतीका लागि गरियको प्रयास राम्रो भएको ।

सुझावहरु

१.पालिकाको आधिकारीक वयवसाईटमा भएको फोनमा आगमन कल निषेध गरिएको छ । त्यो प्रयोगमा छैन भने करेक्शन गर्नुपर्ने देखिन्छ ।

२. योजना कार्यान्यनबारे जनप्रतिनिधी र कर्मचारी बिच सिमा निर्धारण, कार्यसम्पादन दैनिक, साप्ताहिक, पाक्षिक मुल्याकन तथा फलो गर्नुपर्ने ।

३.पालिकाले वडामुखी बजेट निर्माणका लागि योजना गर्नुपर्ने ।

४.भवन, बाटो निर्माण, पुलपुलेसा देखिने काम भएकाले यसमा प्राथमिकता दिनु स्वभाविक छ । तर मानिसहरुको बिचार निर्माण गर्ने कुरा, सकारात्मक सोचको विकास गर्ने, नैतिक र सुसंस्कृत गराउने बिषयमा निती तथा कर्यक्रम समाबेश गरिनुपर्ने ।

५. कार्यलयमा आउँदा कर्मचारी भेट नभई फर्किनु पर्ने समस्या समाधान गर्न अनुपस्थित हुने दिनमा कर्मचारीको विवरण सेवाग्राहीलाई जानकारी दिने ब्यवस्था गरिनुपर्ने ।

६.फिल्डमा छु भन्ने तर घरमा हुने कर्मचारीको निगरानी गर्नुपर्ने ।

७. म बनाउछु मेरो रिब्दिकोट कार्यक्रम राम्रो भएपनी निरन्तरता दिन नसकिएकाले निरन्तरताका लागि योजना बनाउनुपर्ने ।

८. वडाहरुले गरेका केही काम जनमैत्री भएपनी अर्को वडामा नहुने भएकाले पालिकामा एक रुपता नभएकोले यस वर्षको निती तथा कार्यक्रममा राहत, शुल्क छुट, मिनाहा, बिशेस सहयोगमा एकरुपता कायम गर्नुपर्ने ।

९. जनताहरुका आकाँक्षा बढि हुने, जनप्रतिनिधिले केही पनि गर्दिन र हुँदैन नभन्ने, आर्थिक स्रोत कहाँ के छ र कति गर्न सकिन्छ भन्ने हेक्का नगर्ने गर्दा कर्मचारीले पैसा दिएन भन्ने परिरहेको देखिन्छ । यसमा समन्वय गर्नुपर्ने ।

१०.कृषि उत्पादको बजारिकरणका लागि कृषकहरुलाई सहयोग गर्नुपर्ने ।

११.धेरै जनप्रतिनिधीले सेवा प्रवाह राम्रो हुन नसकिरहेको बताईरहेकाले कहाँ समस्या छ यसतर्फ ध्यान केन्द्रित हुनुपर्ने देखिन्छ ।

१२. भैरवस्थान सम्म पुग्ने मोटरबाटो भक्तजनको सुझाव ।

कुटुम्ब 97.8

१३. ६. कार्यालयमा गुनासो वा उजुरी पेटिका नभएको ।

१४. वडा न ७ मा कम्प्यूटर अपरेटरको अभावले सेवा प्रवाहमा समस्या भएको । साथै कुसुमखोला र पालुङमा ३, ३ दिन मात्रै प्राविधिक जाने गरेको ।

१५. फेक, ठिमुरे र ख्याहामा बाटोको स्तारेन्नती गर्नुपर्ने तथा बिशेस विकास अवधारणा सहित काम गर्नुपर्ने ।

१६. ख्याहा जैथुमका कुमाल समुदायमा बिशेस कार्यक्रम मार्फत रुपान्तरणको कार्य गर्नुपर्ने ।

१७.वडा न ५ को वडा कार्यालय साँघुरो एवम जोखिम युक्त भएको ।

कुटुम्ब 97.8